# आकाशवाणी समाचार- नेपाली

मितिः ३१ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरातको एकता नगरमा सरदार वल्लभभाई पटेलको १५० औं जन्मजयन्ती मनाउन राष्ट्रिय एकता दिवसको भव्य समारोहमा राष्ट्रको नेतृत्व गर्नुहुनेछ ।

- केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले देशभरिका रेलवे स्टेशनहरूमा ७६ वटा यात्री सुविधा केन्द्रहरू विकास गर्ने योजनालाई अनुमोदन गर्नुभएको छ।

- राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) ले आज पटनामा २०२५ को बिहार विधानसभा चुनावको लागि आफ्नो चुनावी घोषणापत्र जारी गर्नेछ।

- मौसम विभागले चक्रवात मोन्थालाई ध्यानमा राख्दै आज उप-हिमालयी पश्चिम बंगाल र सिक्किमको लागि रेड अलर्ट जारी गरेको छ।

- आइसीसी महिला एकदिवसीय विश्वकपमा भारतले हिजो राति अष्ट्रेलियालाई ५ विकेटले पराजित गर्दै विश्वकपको फाइनलमा प्रवेश गरेको छ।

**प्रधानमन्त्री - राष्ट्रिय एकता दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरातको एकता नगरमा रहेको एकताको प्रतिमामा सरदार वल्लभभाई पटेलको १५० औं जन्मजयन्ती मनाउन राष्ट्रिय एकता दिवसको भव्य समारोहमा राष्ट्रको नेतृत्व गर्नुहुनेछ । यस कार्यक्रममा भारतको एकता र विविधता प्रदर्शन गर्ने भव्य परेड, सांस्कृतिक कार्यक्रम र श्रद्धाञ्जली प्रस्तुत गरिनेछ। राष्ट्रिय एकता दिवस प्रत्येक वर्ष अक्टोबर ३१ मा सरदार वल्लभभाई पटेलको जन्मजयन्तीको सम्झनामा मनाइन्छ। यो दिन राष्ट्रिय एकता, अखण्डता र सुरक्षा प्रवर्द्धन गर्न समर्पित छ। यसले नागरिकहरूलाई आफ्नो राष्ट्र र संस्कृतिमा गर्व गर्न पनि प्रोत्साहित गर्दछ। यस वर्षको उत्सवमा भारतको सुरक्षा बलको शक्ति, अनुशासन र साहस प्रदर्शन गर्ने भव्य परेड र सांस्कृतिक कार्यक्रमहरू हुनेछन्। परेडमा सीमा सुरक्षा बल (BSF), केन्द्रीय रिजर्भ पुलिस बल (CRPF), केन्द्रीय औद्योगिक सुरक्षा बल (CISF), भारत-तिब्बती सीमा पुलिस (ITBP), सशस्त्र सीमा बल (SSB), र असम, त्रिपुरा, ओडिशा, छत्तीसगढ, मध्य प्रदेश, महाराष्ट्र, पञ्जाब, जम्मू र कश्मीर, केरला र आन्ध्र प्रदेश लगायत धेरै राज्यका पुलिसहरू समावेश हुनेछन्। राष्ट्रिय क्याडेट कोर (NCC) का क्याडेटहरूले पनि भाग लिनेछन्। "विविधतामा एकता" विषयवस्तु अन्तर्गत, राष्ट्रिय सुरक्षा गार्ड (NSG) र राष्ट्रिय आपदा प्रतिक्रिया बल (NDRF), साथै १० राज्य र केन्द्र शासित प्रदेशहरूका झाँकीहरू प्रदर्शन गरिनेछ।परेडमा CRPF का पाँच शौर्य चक्र विजेताहरू र झारखण्डमा नक्सल विरोधी अपरेशन र जम्मू र कश्मीरमा आतंकवाद विरोधी अपरेशनहरूमा असाधारण साहस प्रदर्शन गर्ने BSF का सोह्र वीरता पदक विजेताहरूलाई पनि सम्मान गरिनेछ। BSF का कर्मचारीहरूलाई अपरेशन सिन्दूरको क्रममा उनीहरूको बहादुरीको लागि पनि सम्मान गरिनेछ।

यस कार्यक्रम अघि, सरकारले प्रमुख शहरहरूमा राष्ट्रव्यापी म्याराथन, रन फर युनिटी अभियान पनि आयोजना गर्नेछ। यसमा नयाँ दिल्लीमा केन्द्रीय मन्त्रीहरूको नेतृत्वमा झण्डोत्तोलन समारोह समावेश हुनेछ, जुन राष्ट्रिय एकतातर्फ सामूहिक प्रयासको प्रतीक हो। यसअघि, प्रधानमन्त्री नरेन्द्र मोदीले सरदार वल्लभभाइ पटेलको १५० औं जन्मजयन्ती मनाउन आयोजित रन फर युनिटी कार्यक्रममा भाग लिन नागरिकहरूलाई आह्वान गर्नुभएको थियो ।

## अश्विनी-यात्री प्रतीक्षालय

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णवले देशभरिका रेलवे स्टेशनहरूमा ७६ वटा यात्री सुविधा केन्द्रहरू विकास गर्ने योजनालाई अनुमोदन गर्नुभएको छ। यो निर्णय नयाँ दिल्ली रेलवे स्टेशनमा सुविधाको सफलता पछि लिएको हो। रेल मन्त्रालयले देशभरि योजना गरिएका नयाँ सुविधा केन्द्रहरू मोड्युलर डिजाइन पालन गर्ने र स्थानीय परिस्थितिलाई ध्यानमा राखेर निर्माण गरिने बताएको छ। केन्द्रीय मन्त्रीले २०२६ को चाडपर्वको सीज़न अघि सबै आवास क्षेत्रहरू पूरा गर्न निर्देशन दिए। नयाँ दिल्ली स्टेशनले नयाँ विकसित सुविधा केन्द्रको साथ दिवाली र छठको समयमा यात्रीहरूको चरम भीडलाई व्यवस्थापन गर्‍यो, जुन चार महिना भित्र पूरा भयो। नयाँ दिल्ली रेलवे स्टेशनमा रहेको यात्री सुविधा केन्द्र, स्थायी आवास क्षेत्र, लगभग ७ हजार यात्रीहरूलाई समायोजन गर्न डिजाइन गरिएको हो। यसले पूर्व-बोर्डिङ सुविधाहरू र यात्री प्रवाहलाई बढाएको छ। मन्त्रालयले यात्री आवागमनलाई सुव्यवस्थित गर्न, सुविधालाई रणनीतिक रूपमा तीन क्षेत्रमा विभाजन गरिएको छ: टिकटिङ, पोस्ट-टिकटिङ, र  प्री-टिकटिङ।

## बिहार एनडीए घोषणापत्र

राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) ले आज पटनामा २०२५ को बिहार विधानसभा चुनावको लागि आफ्नो चुनावी घोषणापत्र जारी गर्नेछ।भाजपाका राष्ट्रिय अध्यक्ष जगत प्रकाश नड्डाले पाँचै घटक दलका वरिष्ठ नेताहरूसँगै बिहान ९:३० बजे घोषणापत्र जारी गर्नुहुनेछ ।यस अवसरमा उपस्थित  जद(यू)का राष्ट्रिय अध्यक्ष तथा मुख्यमन्त्री नीतीश कुमार, भाजपा बिहार निर्वाचन प्रभारी धर्मेन्द्र प्रधान, हिन्दुस्तानी अवम मोर्चाका संरक्षक जीतन राम माझी, लोजपा (रामविलास)का अध्यक्ष चिराग पासवान, राष्ट्रिय लोक मोर्चा अध्यक्ष उपेन्द्र कुशवाह, जद(यू)का कार्यवाहक अध्यक्ष संजय झा, भाजपा बिहार प्रदेश अध्यक्ष डा. दिलीप जयसवाल र अन्य वरिष्ठ नेताहरू उपस्थित रहनेछन् ।

## रक्षामन्त्री राजनाथ सिंह

रक्षामन्त्री राजनाथ सिंह क्वालालम्पुरमा हुने आसियान र आठ संवाद साझेदार देशका रक्षामन्त्रीहरूको १२ औं बैठकमा भाग लिन हिजो मलेसियाको दुई दिने भ्रमणका लागि प्रस्थान गर्नुभएको छ। बैठक १ नोभेम्बरमा हुनेछ। श्री सिंहलाई सुबाङ विमानस्थलमा आइपुगेपछि मलेसियाका लागि भारतका उच्चायुक्त बी.एन. रेड्डीले स्वागत गर्नुभएको थियो।आफ्नो भ्रमणको क्रममा, रक्षामन्त्रीले आसियान संवाद साझेदार देशहरूको बैठकको १५ औं वार्षिकोत्सव र अगीको रणनीति विषयमा एक मञ्चलाई सम्बोधन गर्नुहुनेछ। यस बैठक बाहेक, रक्षामन्त्री राजनाथ सिंहले रक्षा सहयोगलाई सुदृढ पार्न र भारतको पूर्व नीतिलाई प्रवर्द्धन गर्न दोस्रो अनौपचारिक आसियान-भारत रक्षा मन्त्रीहरूको बैठकमा पनि भाग लिनुहुनेछ।

## शिवराज सिंह चौहान

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले देशमा हालसम्म दश हजार किसान उत्पादक संस्थाहरू (FPOs) स्थापना भइसकेको बताउनुभएको छ। यीमध्ये केही FPOs ले एक सय करोड रुपैयाँसम्मको कारोबार गरेको बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा दुई दिने FPO समागम २०२५ लाई सम्बोधन गर्नुहुदै चौहानले १,१०० FPOs करोडपति बनेको बताउनुभयो। उहाँले  यस पहलबाट ५२ लाख किसान लाभान्वित भएका छन् र सरकारले यस पहल मार्फत दुई करोड किसानहरूसम्म पुग्ने लक्ष्य राखेको बताउनुभएको छ।

श्री चौहानले अर्थतन्त्रलाई बढावा दिन र कृषि उत्पादनलाई विविधीकरण गर्न सरकारले कृषि क्षेत्रमा एकीकृत खेतीलाई प्रवर्द्धन गरिरहेको बताउनुभयो। उहाँले किसानहरूलाई उच्च गुणस्तरको बीउको उपलब्धता सुनिश्चित गर्न सरकारले चाँडै बीउ ऐन ल्याउने बताउनुभयो। अर्थतन्त्रमा किसानहरूको योगदानलाई उल्लेख गर्नुहुदै कृषि मन्त्रीले महिलाहरूलाई सशक्त बनाउन कृषि क्षेत्रमा ५० प्रतिशत हिस्सा दिइने बताउनुभयो। कार्यक्रममा देशभरिका २४ राज्य र एक सय चालीस जिल्लाका पाँच सयभन्दा बढी किसान, किसान उत्पादक संस्था, कार्यान्वयन एजेन्सी र क्लस्टरमा आधारित व्यावसायिक संस्थाहरूको सहभागिता रहेको थियो।

**GST**

नरेन्द्र मोदी सरकारले २२ सेप्टेम्बरमा वस्तु तथा सेवा कर (GST) दरहरूमा कटौती गर्दै GST बचत महोत्सव सुरु गऱ्यो। यसले देशभरका नागरिकहरूलाई फाइदा पुऱ्यायो। आज, हामी नयाँ GST दरहरूले अटोमोबाइल क्षेत्रमा आम मानिसलाई प्रदान गरेको फाइदाहरू प्रकाश पार्दैछौं।

एक रिपोर्ट:

**मौसम**

मौसम विभागले चक्रवात मोन्था आगामी २४ घण्टामा उत्तरी छत्तीसगढ हुँदै उत्तरतिर सर्ने र कम चापीय क्षेत्रमा तीव्र हुने बताएको छ। यसैबीच, विभागले आज उप-हिमालयी पश्चिम बंगाल र सिक्किमको लागि रेड अलर्ट जारी गरेको छ। बिहारका केही स्थानहरूमा मुसलधारे वर्षा हुने अनुमान गरिएको छ। अण्डमान र निकोबार द्वीप समूह, उत्तर प्रदेश र गुजरातमा भारी वर्षा हुने अनुमान गरिएको छ। आज झारखण्ड, कोंकण, गोवा र उत्तरपूर्वी राज्यहरूमा पनि यस्तै अवस्थाको अनुमान गरिएको छ। विभागले ओडिशा, छत्तीसगढ, मध्य प्रदेश र महाराष्ट्रमा मेघगर्जनसहित हल्का वर्षा हुने पूर्वानुमान गरेको छ।

**आइसीसी महिला एकदिवसीय विश्वकप**

आइसीसी महिला एकदिवसीय विश्वकपमा भारतले हिजो राति नवी मुम्बईस्थित डा. डी.वाई. पाटिल स्पोर्ट्स एकेडेमीमा खेलिएको रोमाञ्चक सेमिफाइनल म्याचमा अष्ट्रेलियालाई ५ विकेटले पराजित गर्दै आइसीसी महिला एकदिवसीय विश्वकपको फाइनलमा प्रवेश गरेको छ। ३३९ रनको लक्ष्य पछ्याउँदै भारतले ५ विकेट बाँकी रहँदै लक्ष्य हासिल गरेको छ। जेमिमा रोड्रिग्सको १३४ बलमा उत्कृष्ट अविजित १२७ रन र कप्तान हरमनप्रीत कौरको ८८ बलमा ८९ रनले भारतलाई अष्ट्रेलियाले राखेको लक्ष्य हासिल गर्न मद्दत गरेको छ। भारतका लागि श्री चरणी र दीप्ती शर्माले २-२ विकेट लिए।पहिले ब्याटिङ गर्दै अष्ट्रेलिया ४९.५ ओभरमा ३३८ रनमा अलआउट भएको थियो। अष्ट्रेलियाका लागि फोबे लिचफिल्डले ११९ रन बनाए। किम गार्थ र एनाबेल सदरल्याण्डले २-२ विकेट लिए।जेमिमा रोड्रिग्सलाई प्लेयर अफ द म्याच घोषित गरियो। भारतले अब आइतबार नवी मुम्बईस्थित डा. डी.वाई. पाटिल स्पोर्ट्स एकेडेमीमा दक्षिण अफ्रिकासँग फाइनल खल्नेछ ।

****** ० ******